नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-४२११०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ

मिति: २०७७-०७-०४ गते।

# प्रेस विज्ञप्ती

## सामाजिक सञ्जाल फेसबुकमा बलात्कारी संगठन नामक ग्रुप बनाउने मुख्य व्यक्ति पक्राउ।

सामाजिक संजाल फेसवुकमा Raper Association (बलात्कारी संगठन) नामक पेज तथा समुह बनाई बलात्कार जस्तो जघन्य अपराध गर्न दुरुत्साहन गर्ने तवरले अश्लील, आपत्तिजनक सामाग्री पोष्ट गर्ने, प्रतिक्रिया जनाउने लगायतका कार्य भईरहेको भन्ने बिभिन्न माध्यमबाट प्राप्त सुचना तथा निवेदनको आधारमा अनुसन्धानको क्रममा माथागढी गाउँपालिका-१, पाल्पाका अभिषेक नेपालले **सामाजिक संजाल फेसवुकमा Raper Association (बलत्कारी संगठन) नामक ग्रुप बनाई** महिलालाई अपमान गरी हैरानी दिने, सामाजिक सद्भाव, शिष्टाचार बिरुद्धको सामाग्री पोष्ट गर्ने, प्रतिक्रिया जनाउने  लगायतका कार्य गरी विद्युतिय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसुर गरेको खुल्न आएको हुँदा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला प्रहरी कार्यालय पाल्पा समेतको सहयोगमा मिति २०७७।०७।०३ गते निजकै घर ठेगानाबाट  पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक

*__पुनश्चः-__ अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ।*